*Pragya Darshan 2023, 5(2): 90-97*
*ISSN: 2542-2634 (print)*

*© DEPAN, UCU*

*Research Article*

# बुद्धको ज्ञानले के दिन्छ - सम्प्रदाय, धर्म, वा जीवनपद्धति ?

**[1]दिपेन्द्र पराजुली*, [2]विन्दु पौडेल**

[1]व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल

[2]अंग्रजी केन्द्रिय विभाग, शिक्षाशास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल

*Email: deepenparaj@gmail.com

Received: 25th May, 2023; Revised: 22nd July, 2023; Accepted: 10th August, 2023

**सार**

यो लेख बौद्ध परम्परा सम्बन्धि एक कार्यशाला गोष्ठीमा सहभागी हुँदा प्रशिक्षकले प्रस्तुत गरिएका विचार तथा उच्चारित पाण्डुलिपि तथा लेखका आधारमा तयार पारिएको हो । यो लेखको उद्देश्य हामीले पाए र वुझेजति पाठकलाई बुझाउने तथा बुझाइमा फरक परको भए सुझाव तथा सल्लाह लिई परिष्कुत लेख तयार पार्नु नै हो । यसमा बुद्ध धर्मको परिचय, गौतम बुद्धको पवित्र जन्मस्थलः लुम्बिनी, बौद्ध धर्मका सम्प्रदायहरूः हियान/हिनयान वा थेरवाद, महायान वज्रयान महायानको उपशाखा, नाथ परम्परा अवलोकितेश्वर, थेरवाद र महायानबीचको भिन्नता, चौथो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन (१५-२१ नोभेम्बर १९५६) काठमाडौं, भारतका संविधान निर्माता बाबा साहेव डा. भिमराव अम्वेडकरको नेपाल भ्रमण, नेपालमा थेरवाद र छलफल सहितको निष्कर्श निकालिएको छ । प्राप्त लेख तथा पाण्डुलिपिका अनुसार बुद्ध लुम्बिनिमै जन्मे पनि समग्र नेपालमा यसको प्रभाव पछि मात्र परेको देखिन्छ । नेपालमा सनातनी हिन्दू पछि बुद्ध धर्मको प्रचार बढेसँगै बुद्धको महापरिनिर्माण पछि मात्रै हिन्दूहरुनै महायानी बज्रायानी भएको र प्रवजित भएको देखिन्छ । अहिले पनि अधिकांश नेपाली बौद्धहरु सनातनि तथा प्रकृति पूजा निकट सांसारिक जीवन पद्धति अंगालेको देखिन्छ । यस धर्मका अनुसार जसले ज्ञान प्राप्तिपछि अरूलाई पनि बाँड्छन्, तिनिहरुलाई बुद्ध भनिन्छ, ज्ञान प्राप्त गर्छन् तर अरूलाई बाँडदैनन् भने तिनिहरुलाई प्रत्येकबुद्ध तथा ज्ञान प्राप्त गरेर पूर्णतया उपयोग गर्छन् भने तिनिहरुलाई अर्हत भनिन्छ । यसैका आधारमा पहिलोलाई हिनायान, दोश्रोलाई महायान तथा तेश्रोलाई बज्रयानी भनिएको छ । बज्रयानी भित्रै अवलोकितेश्वर तथा नाथ परम्परा रहेको पनि दाबि गरिन्छ जो शिव भगवानसँग नजिक मानिन्छन् । नेपालमा हिनायान राणाकालको अन्त्यतिर मात्रै चर्चाका आयो । त्यसपछिका सरकार तथा पश्चिमाहरुले हिनायान वा थेरबादलाई प्राथमिकतामा राखेको देखिन्छ । नेपालमा सनातनि पूर्वीय सभ्यतामा दोश्रो शताब्दीतिरबाट थपिएको यो यानी सभ्यतालाई जोगाई नेपाललाई सनातनी हिन्दू तथा बौद्ध सभ्यताको केन्द्र बनाउनु पर्ने देखिन्छ । समग्रमा बुद्धको ज्ञानलाई धर्म, सम्प्रदायमा मात्र सिमित नराखि जिवनपद्धतिमै ढाल्न महायानी परम्परालाई अगाडि बढाउनु पर्ने देखिन्छ ।

**प्रमूख शब्दहरुः** *बुद्ध, हिनायान वा थेरवाद, महायान, बज्रयान, सूत्रयान तन्त्रयान, प्रवजित, विहार, सांघायान, त्रिपिटक*

## पृष्ठभूमि तथा परिचय

बुद्ध धर्म ऐतिहासिक रूपमा यो धर्म शाक्यमुनि बुद्ध (गौतम बुद्ध) र उनका अनुयायीहरूका शिक्षामा आधारित छ । बुद्ध धर्मको परम्परामा भने गौतम बुद्धलाई वर्तमान कल्पको चौथो सम्यक सम्बुद्धको रूपमा मानिन्छ । उनी छैटौं देखि पाँचौं शताब्दी ईसापूर्व सम्म जीवित थिए । उनी बितेको अर्को पाँच शताब्दीहरूमा बौद्ध धर्म सारा भारतीय उपमहाद्वीपमा फैलियो, र अर्को दुई हजार वर्षहरूमा मध्य, पूर्वी र दक्षिण-पूर्वी जम्बू महाद्वीपमा पनि फैलिन गयो । आज, बौद्ध धर्ममा तीन मुख्य सङ्घ छन् । थेरवाद, महायान र वज्रयान । बौद्ध धर्मलाई पैंतीस करोड भन्दा अधिक मानिसहरू मान्दछन् र यो दुनियाको चौथो सबैभन्दा ठुलो धर्मको रूपमा रहेको छ । **(Pew Research Center (2012a))** **बुद्ध** भन्नाले बोधिप्राप्त वा अन्तिम सत्यको साक्षात्कार गरेको महामानव बुझिन्छ । जो व्यक्ति आफ्नै प्रयासले विना गुरु बुद्धत्व प्राप्त गर्दछन् र अरू प्राणीहरूलाई दुःखनिरोधको मार्गदर्शन गर्दछन् उनलाई **सम्यक सम्बुद्ध** भनिन्छ । भनिन्छ कि गौतम बुद्धभन्दा अघि अनेक सम्यक सम्बुद्धहरू उत्पन्न भइसके र भविष्यमा पनि अनेकौं सम्यक सम्बुद्धहरू उत्पन्न भई दुःख निरोधको सनातन शिक्षा दिनेछन । बौद्ध धर्मको अन्तिम लक्ष्य हो, दुःखबाट सदाका लागि मुक्ति । बुद्धले दुःख मुक्तिसँग सरोकार नराख्ने दार्शनिक प्रश्नहरूलाई महत्व दिदैंनथे । उनी भन्दथे, "भिक्षुहरू म केवल एउटा कुरा मात्र सिकाउँछु, दुःख र दुःख निरोधको उपाय ।" शीलको जगमा रहेर ध्यानद्वारा समाधि पुष्ट गर्दै प्रज्ञा उत्पन्न गराउन सकेमा नै दुःखमुक्तिको अवस्था निर्वाणको साक्षात्कार गर्न सकिन्छ भन्ने उनको मूल शिक्षा हो । **(Aladdin 2022)**

लुम्बिनी भगवान गौतम बुद्धको पवित्र जन्मस्थल हो । इ.पू. ६२३ **(Cousins 1996** मा जन्म मिति इ.पू. ५६३ उल्लेख छ) मा यहाँको सुन्दर र पवित्र बगैंचामा माता मायादेवीका कोखबाट बैशाख शुक्ल पूर्णिमाको दिन बुद्ध धर्मका प्रणेता शान्ति नायक गौतम बुद्धको जन्म भएको थियो । उनले जन्मने बित्तिकै सात पाइला हिंड्दै मनुष्य जातिका लागि यसै ठाउँबाट युगान्तकारी उद्‌गार प्रकट गरेका थिए । पछिल्लो समयमा भएका अनुसन्धान अनुसार उनको मृत्यु ४८६ देखि ४८३ ईशापूर्वको वीचमा बैशाख शुक्ल पूर्णिमाकै दिन भएको मानिएको छ । **(Narain 2003)**

लुम्बिनी अहिले संसारभरिका बौद्धमार्गी लगायत शान्तिप्रेमी सबै मानिसहरू बीच विश्व शान्तिको मुहानका रूपमा प्रसिद्ध छ । सन् १९९७ देखि यो स्थल विश्व सम्पदा सूचीमा समेत सूचिकृत गरिएको छ । हरेक वर्ष संसारभरबाट लाखौंको सङ्ख्यामा तिर्थालु पर्यटकहरू तथा अध्ययेताहरू लुम्बिनीको भ्रमण गर्छन् । विश्वभरका बौद्ध धर्मावलम्बीहरूका लागि लुम्बिनी अत्यन्त महत्वपूर्ण तिर्थस्थल हो । मायादेवी र भगवान बुद्धप्रति अगाध आस्था राख्ने भएकाले हिन्दुहरू समेतको लागि लुम्बिनी महत्वपूर्ण धार्मिक गन्तव्य बनेको छ । लुम्बिनीमा रहेका पुरातात्विक तथा ऐतिहासिक अवशेषहरूले शताब्दीऔं देखि विभिन्न व्यक्तित्वहरूले लुम्बिनीको तिर्थाटन गरेका तथ्यहरू उजागर गर्दछन् ।**(बुद्ध धर्म/wiki)**

प्रसिद्ध मौर्य सम्राट अशोकले आफ्नो आध्यामिक गुरु उपगुप्तको मार्ग दर्शनमा इ.पु. २४९मा लुम्बिनीको तिर्थ यात्रा गरेका थिए । उनले "हिंद बुधे जाते शाक्यमुनीति" (यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएको थियो) भन्ने शिलालेख सहितको ढुङ्गाको स्तम्भ खडा गरे जसलाई हाल प्रसिद्ध अशोक स्तम्भका रूपमा लुम्बिनीमा पाउन सकिन्छ । सम्राट अशोकले सिद्धार्थ गौतम जन्मनु भएको यही अवस्थिति चिनाउने स्मारकशिला र जन्मेपछि उहाँलाई शुद्धिकरणका लागि नुहाइएको पवित्र पोखरीको पूजा गरे । साथै उनले कपिलवस्तु, रामग्राम, देवदह

जस्ता ऐतिहासिक ठाउँहरूको भ्रमण समेत गरे । प्राप्त ऐतिहासिक तथ्यहरुका आधारमा सम्राट अशोकपछि लुम्बिनीको भ्रमण गर्नेहरूमा चिनियाँ यात्रीहरू त्सेङ साईले चौथो शताब्दीमा, फाहियानले पाँचौ शताब्दीमा र हुयेन साङ्ले सातौँ शताब्दीमा लुम्बिनीको भ्रमण गरेका थिए । यी यात्रीहरूमा हुयेन साङ्को यात्रा विवरणहरूले लुम्बिनीको बारेमा बिस्तृत विवरणहरू दिन्छन् । उनले लुम्बिनीमा जन्मबृक्षको ठूटो, एउटा चैत्य, अशोक स्तम्भ, पवित्र पोखरी, तेलार नदी, चिसो र तातो पानीका मुहानहरू भएको कुवा देखेको उल्लेख गरेका छन् । सन् १३१२ मा पश्चिम नेपाल कर्णाली क्षेत्रका राजा रिपु मल्लले लुम्बनीको भ्रमण गरी आफ्नो यात्राको स्मरण गराउन अशोक स्तम्भमा "ॐ मणि पद्मे हुङ रिपु मल्ल चिर जयतु" भनी लेखे । त्यसपछि भने इतिहासको लामो कालसम्म लुम्बिनी विस्मृतिमा रहन पुग्यो । पछि सन् १८९६मा पाल्पाका बडाहाकिम जनरल खड्ग शम्शेर र अङ्ग्रेज भारतका पुरातात्विक सर्भेयर एलोइस फुहररले अशोक स्तम्भ पुनः पत्ता लगाएपछि लुम्बिनी फेरी चासो र सरोकारको विषय बन्यो । सन् १९९९मा पि. सि. मुखर्जीले भगवान बुद्धको जन्मस्थलमा उत्खनन् गरी मायादेवीको मूर्ति पहिचान गर्नुका साथै मन्दिरका केही भग्नावशेषहरू बाहिर देखाए । फेरि सन् १९३०को दशकमा केशर शम्शेर राणाले मायादेवी मन्दिर परिसरमा उत्खनन् गरे । भारतीय पुरातत्वविद् श्रीमती देवला मित्राले सन् १९६२ मा अन्वेषणको कार्य गरिन् । सन् १९६० को दशकदेखि भने संयुक्त राष्ट्रका साथै विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको समेत सहयोग र सहकार्यमा नेपाल सरकारले विशेष महत्वका साथ विभिन्न निकायहरू निर्माण गरी लुम्बिनीको उत्खनन्, संरक्षण र सम्वर्द्धनमा नेतृत्वदायी भूमिका खेल्दै आएको छ । सन् १९७० मा भवन तथा भौतिक योजना विभाग अन्तर्गत लुम्बिनी विकास परियोजना र सन् १९७५ मा लुम्बिनी विकास समितिको गठन गरी लुम्बिनीको जिम्मेवारी दिइएको थियो । १९८५ देखि स्वायत निकायका रूपमा लुम्बिनी विकास कोषको गठन भए पश्चात् लुम्बिनी क्षेत्रको उत्खनन्, संरक्षण र प्रवर्द्धनको काम कोषले नै गर्दै आएको छ । सन् १९९२ देखि १९९६ सम्म कोष, नेपाल सरकार पुरातत्व विभाग र जापान बौद्ध महासङ्घले संयुक्त रूपमा मायादेवी मन्दिर परिसरमा उत्खनन् कार्य गरेका थिए । हाल लुम्बिनी विश्वभरका लाखौं मानिसहरूको धार्मिक, आध्यात्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा स्थापित भइसकेको र सुन्दर, शान्त वाटिकाका रूपमा विकसित हुँदै गइरहेको छ । बुद्धका चार आर्यसत्य छन्: दुःख आर्यसत्य, समुदाय आर्यसत्य, निरोध आर्यसत्य, मार्ग आर्यसत्य । **(बुद्ध धर्म/wiki)** त्यस्तै बौद्ध धर्मका संघहरू: थेरवाद वा हिनयान, महायान र वज्रयान गरी ३ प्रकारका छन् ।

गौतम बुद्धबाट पाएको ज्ञानलाई बोधि भनिन्छ । बोधि पाए पछि नैं संसारबाट छुटकारा पाइने विश्वास छ । सारा पारमिताहरू (पूर्णताहरू)को निष्पत्ति, चार आर्य सत्यहरूको सारा सोच, र कर्मका निरोधबाट नैं बोधि पाएर जान सकिन्छ । **(Avison 2021)** त्यतीखेर लोभ, दोष, मोह, अविद्या, तृष्णा, र आत्मांमा विश्वास सबै हराएर जान्छन् । बोधिका तीन स्तर हुन्छन्: श्रावकबोधि, प्रत्येकबोधि, र सम्यकसंबोधि । सम्यकसंबोधिलाई बौध धर्मको सबै भन्दा उन्नत आदर्श मानिन्छ । वौद्ध धर्ममा तीन प्रकारका पूर्ण जीव मानिन्छन् । **(बुद्ध धर्म/wiki)** १. बुद्ध, जसले ज्ञान प्राप्तिपछि अरूलाई पनि बाँड्छन् । २. प्रत्येक बुद्ध, ज्ञान प्राप्त गर्छन् तर अरूलाई बाँडदैनन् । ३. अर्हत, ज्ञान प्राप्त गरेर पूर्णतया उपयोग गर्छन् । हिनयानमा अर्हत हुने मूल लक्ष्य मानिन्छ जसमा जन्ममरणको जन्जाल छोडेर निर्वाण प्राप्त गर्ने ध्येय हुन्छ । **(बुद्ध धर्म/wiki)** त्यसैगरि बुद्ध धर्मको निकाय शाखाहरूमा श्रावकयान, प्रत्येकबुद्धयान, बोधिसत्वयान, बोधिसत्वसुत्रयान र बोधिसत्वतन्त्रयान वा वज्रयान पर्दछन् ।

### हियान/हिनयान वा थेरवाद

थेरवाद वा हीनयान बौद्ध धर्मको एक प्राचीन सम्प्रदाय हो । स्थवीर वा महास्थवीर शब्दको अपभ्रंस भै थेरवाद भएको विश्वास गरिन्छ । बुद्को जीवन कालदेखि नै बौद्ध धर्मावलम्बीहरूले गौतम बुद्धका सुरुका उपदेशहरूलाई यथावत् संरक्षण एवं अनुशरण गरे र त्यहि नै थेरवाद बुद्धधर्मको रूपमा विकसित हुन गयो । यिनीहरूले पाली भाषामा नै उनका सन्देशहरू संरक्षण गरे । जसलाई थेरवाद वा हीनयान वा **स्थविरवाद**को रूपमा मानियो । यी थेरवाद बौद्धहरूले हेतुवादी र आश्रमिक स्वरूपलाई नबदली बुद्धका ज्ञानहरू अगाडि बढाए । बुद्धका ज्ञानहरू प्रारम्भमा थेरवाद बुद्धधर्मको रूपमा विकसित हुन गयो । बुद्धको जन्मस्थान लुम्बिनी कपिलवस्तुको आसपासका राज्य कोलीय रामग्राम र अन्य राज्यका शाक्य र ब्राहृमण जातिहरू थेरवाद परम्परामा बौद्ध भिक्षु भएका थिए । शुरुवाती समयमा **हिनयान** शब्द पश्चिमेली विद्वानहरुले प्रचलनका ल्याएको पाईन्छ । **(wiki/Hinayana) (Fujita & Leon 1975) (Monier-Williams 1889, Gombrich, Richard 2006, Collins, Steven 1990, LeVine, Sarah; Gellner, David N. 2007, Lopez 2005, Nattier 2003, Rinpoche 1995, Williams 2009, Baruah 2008)** हिनयान शाखामा पाली भाषामा लेखिएको त्रिपिटक (सुत्त पिटक, अभिधम्म पिटक र विनय पिटक) मान्ने गर्छन् । यिनीहरू बुद्धलाई महापुरूष मान्छन् तर ईश्वर मान्दैनन् र मूर्तिपूजा पनि गर्दैनन् । त्यसैले यो शाखा मूर्ति पूजा नगर्नै अन्य धर्म निकट देखिन्छ । हिनयान भित्र थेरवाद (श्रेष्ठ व्यक्तिहरूको कुरा) र स्थविरवाद मूख्य अङ्ग मानिन्छ । निश्कर्षमा थेरवादीहरू गौतम बुद्धले चलाएको चलन र दिएको उपदेशलाई नै मूल मान्छन् । **(Hirakawa & Groner 2007)**



**चित्र नं. १**: गन्धारमा पहिलो शदाब्ती ईसवीमा बनेको गौतम बुद्धको मूर्ती



**चित्र नं. २**: मायादेवी मन्दिर, नेपाल

थेरवादमा हरेक मनुष्यले आँफै निर्वाणको मार्ग खोज्नु पर्नेहुन्छ । यस समुदायमा युवाहरूलाई भिक्षु बनाउनु धेरै शुभ मानिन्छ र युवाहरू केहि दिनको लागि भिक्षु बनाई फेरी गृहस्थमा फर्किने चलन पनि छ । थेरवाद दक्षिणी एशियाली क्षेत्रहरू जस्तै श्रीलङ्का, बर्मा, कम्बोडिया, भियतनाम, थाइल्याण्ड र लाओस आदीमा प्रचलित छ **(Zaun 2002)** । प्राचीन समयमा 'हीनयान' लाई 'थेरवाद' को शाखा भन्ने गर्दथे, जसको अर्थ महायानको विपरित कमि भन्ने थियो ।

## महायान

बुद्ध परिनिर्वाण भएको तीन महिना (ई. पू ४८३)मा राजगृहको सप्तपर्णी गुफामा राजा अजातशत्रुको आतिथ्यमा भिक्षु महाकश्यपको अध्यक्षता अनि चारसय उनान्सय अर्हतप्राप्त महाश्रमण भिक्षुहरू र भिक्षु आनन्दको उपस्थितिमा पहिलो संघायन भयो । यसमा सम्पूर्ण बुद्ध वचनलाई विनय पिटक र सुत्त पिटकमा पाली भाषामा संग्रह गरियो । यसमा भिक्षु आनन्दले महत्वपूर्ण भूमिका खेलेका थिए । **(Chandler 2004)**

त्यसैगरी बुद्ध परिनिर्वाणको ११० वर्ष पछि (ई. ३८३) सम्राट कालाशोकको पालामा वैशालिको कुशुमपुरी (बालिकाराम) बिहारमा भिक्षु सब्बकामीर (सुब्बुकामी)को अध्यक्षतामा दोस्रो संघायन भयो । यसमा सात सय महासम्मनहरूले भाग लिएका थिए । यस संघायनबाट बुद्धका अनुयायीहरू स्थाविर र महासंघिक गरी दुई भागमाविभाजन भयो । **(Chandler 2004)**

बुद्ध परिनिर्वाणको लगभग ३०० वर्षपछि (ई. पू. २४७) सम्राट अशोकको पालामा पाटलीपुत्रको संघाराम विहारमा मोगलीपुत तिष्यको अध्यक्षतामा तेस्रो संघायन भयो । यो नौ महिनासम्म चल्यो । यहीबेला अभिधम्म पिटक लेखियो । यसपछि नै बुद्ध धर्ममा विनय पिटकलाई पछ्याउने थेरवादी र सुत्त पिटक र अभिधर्मलाई लिएर शून्यवाद, समाधि आदिलाई लिएर महायान परम्पराको सुरूआत भयो । यति बेलासम्म बुद्ध धर्ममा १७ वटा सम्प्रदाय बनिसकेका थिए । थेरवादीहरू आफ्नो मुक्तिमार्गमा मात्रै विश्वास राख्थे भने महायानीहरू समस्त लोकको हितका लागि बोधिसत्वहरूको अवतरण हुन्छ/गर्नुपर्छ भन्ने विश्वास राख्थे । यही महायानी परम्पराबाट बज्रयान, तन्त्रयान, मन्त्रहरूको विकास भएको देखिन्छ । चौथो बौद्ध संगति सम्राट कनिष्कले काश्मिरको कुण्डलवनमा गरेका थिए । यसमा त्रिपिटकको टीका र महाविभाषा सूत्र (बुद्ध धर्मको विश्वकोष)को समेत पाली भाषामा रचना गरिएको थियो । सम्राट अशोक महायानी भिक्षु अश्वघोषका अनुयायी हुन् । **(Chandler 2004)**

**महायान**मा बुद्धका शरीर रूपको कल्पना गरी पूजापाठमा विश्वास राखी अगाडि बढाए । यस परम्परामा देवी देउता इत्यादि धेरै दिव्यजीवलाई मान्ने गर्दछन् र यसको सम्पूर्ण व्याख्या संस्कृत भाषामा लेखिन पुग्यो । जसले पारमितालाई पूरा गर्दछ, त्यसले बोधिसत्व बनी अर्हत पद प्राप्त गरी बुद्ध बन्न सक्नेछ भन्ने भावनालाई अङ्गिकार गरे । यो हिन्दु धर्मसँग धेरै हदसम्म मिल्छ । महायान वर्तमान कालमा बौद्ध धर्मको दुई प्रमुख शाखाहरू (थेरवाद र महायान) मध्ये एक हो । महायान बुद्ध धर्म नेपालबाट आरम्भ भएर उत्तरतिर धेरै अरू एशियाली देशहरूमा फैलिएर गएको पाईन्छ, जस्तै भारत, चिन, तिब्बत, कोरिया, जापान, ताइवान, भूटान, मंगोलिया र सिंगापुर । महायान सम्प्रदायको अगाडि अरू उपशाखाहरू पनि छन्, मसलन ज़ेन/चान, पवित्र भूमि, तियानताई, निचिरेन, शिन्गोन, तेन्दाई तथा तिब्बती बौद्ध धर्म । **(Chandler 2004)**

## थेरवाद र महायानबीचको भिन्नता

महायानका अनुसार धेरैजसो प्राणीको लागि निर्वाण-मार्ग स्वयंले खोज्न मुश्किल या असम्भव हुनेहुनाले यस कार्यमा अरुको सहायता चाहिन्छ । उनीहरूको मतअनुसार ब्रह्माण्डका सम्पूर्ण प्राणीहरुको एक-आपसमा सम्बन्ध रहेको र सम्पूर्ण प्राणीहरूमा तथागत-गर्भ वा अनात्मा वा चित्त भएको मानिन्छ । त्यसैकारण सबैलाई प्रेम, करुणा र माया गरी सबैको निर्वाण बोधिसत्वको मार्ग अनुसार छ । प्रज्ञापारमिताको अभ्यासमा प्रयत्न गरी समस्त सत्व अथवा प्राणीहरूको बुद्धत्व प्राप्त गर्नु यसको परम लक्ष्य मानिन्छ । त्यसैले यस सम्प्रदायको अर्को नाम **बोधिसत्वयान** पनि भन्छन् । महायानको ग्रन्थहरूमा बताए अनुसार कुनै पनि प्राणीको लागि दुष्भावना गर्नु हुँदैन किनकि सबै जन्म-मृत्युको जंजालमा फसेका छन् । एक हत्यारा वा एक तुच्छ जीव आफ्नो पुनर्जन्ममा स्वयम्‌को पूर्वज् पनि हुन सक्छ, यसै कारण उसको पनि सहायता गर्नु पर्छ । प्रेरणा र सहायताको लागि बोधिसत्वलाई मानिने गर्दछ । महायान शाखामा यस्ता हजारौं बोधिसत्वको पूजा हुने गर्दछ र बोधिसत्वलाई यस सम्प्रदायमा भगवानको दर्जामा राखिएको पाईन्छ । यी बोधिसत्वहरू मध्य कुनै बोधिसत्वहरू एकदम प्रसिद्ध छन् । जस्तै **अवलोकितेश्वर** (अर्थः 'जगतको नाथ अवथा जगतेश्वर'), अमिताभ (अर्थः 'अनन्त प्रकाश', 'अमित आभा'), मैत्रेय, मंजुश्री र क्षितिगर्भ आदी **(Zaun 2002)** । तिब्बती भाषामा उल्लेखित महायानको सुत्र र तन्त्रहरूमा दृष्टि, समाधि, आचरण तथा फल गरी चार प्रकारका थेरवाद र महायान बीचमा फरकहरु भेटिन्छन् ।

## अवलोकितेश्वर

अवलोकितेश्वर महायान बौद्ध धर्म सम्प्रदायको सबै भन्दा लोकप्रिय बोधिसत्व मध्यको एक हो । यी देवमा अपार करुणा हुने कुरा धार्मिक कथनहरूमा बताइएको छ । अवलोकितेश्वर आफ्नो करुणाका कारण कुनै पनि रुप धारण गरेर दीन र दुःखी मानिसहरुलाई सहायता गर्छन् । इण्डोनेशिया, जाभाको एक मन्दिरमा रहेको हातमा कमलको फूल लिएको अवलोकितेश्वरको एक मूर्ती (महायान बौद्ध ग्रन्थ सद्धर्मपुण्डरीक)मा 'अवलोकितेश्वर बोधिसत्व' को बारेमा चमत्कारपूर्ण बयान गरिएको छ । त्यस्तै चिनिया धर्मयात्री फ़ाहियानले ३९९ ई.पू मा आफ्नो भारत भ्रमणको बेलामा सबै तिर अवलोकितेश्वरको पूजा गरिने देखेको पनि उल्लेख गरेका थिए । भगवान बुद्धले बेलाबेलामा मानवरूपमा प्रकट भएर मानिसहरुलाई सत्मार्गमा हिँड्न प्रेरित गर्ने जनविश्वास पनि छ । बोधिसत्व अवलोकितेश्वरको कल्पना पनि बुद्धको करुणाकै परिणाम भएको विश्वास गरिन्छ । बोधिसत्व अवलोकेतेश्वरलाई लोकेश्वर (विश्वनाथ), पद्मपाणी, अर्धनारीश्वर, भोलेनाथ, नीलकंठेश्वरलगायत १०८ नामले पुकारिन्छ । उनको सर्वप्रथम उल्लेख महायान बुद्ध धर्मको अवतंसक सूत्र वा महावैपूल्य सूत्रमा पाइन्छ । त्यसपछि लेखिएको "लोटस"सूत्रको २५ औं अध्यायमा अवलोकेतेश्वरको पशुहरूको रक्षक (पशुपति) **(पराजुली र पौडेल २०२२)** को रूपमा वर्णन गरिएको छ । **(सिंह २०८०)**

अवलोकेतेश्वरलाई ३३ देवताको रूपमा पनि लिइन्छ । जसमा ईन्द्र, प्रजापति, रूद्र, बसु, आदित्य आदि छन् । तिब्बती बौद्ध धर्मका अनुसार यिनको हृदयबाट बोधिसत्व आर्य तारा वा श्यामा (काली)को जन्म भएको मानिन्छ । चौथो शताब्दीको अन्त्य र पाँचौंको सुरूतिर संकलित मन्त्रहरूको संग्रह कारण्डव्यूह सूत्रमा आँखाबाट चन्द्र सूर्य, निधारबाट महेश्वर, काँधबाट ब्रम्हाको, हृदयबाट विष्णुको, घोडाबाट महालक्ष्मीको, दाँतबाट सरस्वतीको, मुखबाट वायुदेवको, पेटबाट वरूण र खुट्टाबाट पृथ्वीको जन्म भएको उल्लेख छ । **(सिंह २०८०)**



**चित्र नं. ३:** इण्डोनेशियाको जाभाको एक मन्दिरमा रहेको हातमा कमलको फूल लिएको अवलोकितेश्वरको एक मूर्ती (Zaun 2002)

अवलोकेतेश्वरलाई शिव (शान्तचित्तको करूणामय) को रूपमा पनि पूजिन्छ । नेपालमा अवलोकेतेश्वरलाई रातो र सेतो मछिन्द्रनाथको रूपमा पूजिन्छ। वर्षमा एकदिन पशुपतिनाथलाई अवलोकेतेश्वरको रूपमा पूजिन्छ । बूढानीलकण्ठ ( भुईजसी)मा मस्तकमा बुद्ध मूर्ति रहेको बुद्ध नीलकण्ठको रूपमा अवलोकेतेश्वरकै मूर्ति हो । मुक्तिनाथमा वौद्धहरू अवलोकेतेश्वर र हिन्दुहरू नारायणको रूपमा पूजा गर्छन् । भारतको त्रिलोकनाथ मन्दिरको मस्तकमा बुद्ध पाइन्छ । **(सिंह २०८०)** श्रीलंकामा नाथदेवको रूपमा अवलोकेतेश्वरको पूजा गरिन्छ । म्यानमारमा अवलोकेतेश्वरको पूजा लोकनाथको रूपमा गरिन्छ। तिब्बती लामा परम्परामा अवलोकेतेश्वरलाई चेनरेजिक (तेस्रो आँखाले हेर्नेवाला) भनिन्छ । चीनमा अवलोकेतेश्वरलाई पुरूष र महिला दुवै वोधिसत्वको रूपमा पूजिन्छ। चीनी यात्री ह्वेनसङ (सातौं शताब्दी)ले तामिलनाडुको तिरूनालवेदी जिल्लाको अवासमुन्द्रमसँगै माउन्ट पोतलकामा रहेको अवलोकेतेश्वरको विहारमा राजा हर्षवर्धनले पूजा गरेको उल्लेख गरेका छन्। त्यसैगरी बुद्धमित्रको वीर सोलियम ग्रन्थ र महायानी अवंतसक सूत्रमा समेत अवलोकेतेश्वर (शिव)ले अगस्त्य ऋषिलाई तामिल सिकाएको प्रसंग पाइन्छ **(सिंह २०८०)** । संभवतः यहीँबाट हिन्दु (ब्राम्हण) धर्मका अहिलेका देवीदेवताको चर्चा सुरु भएको हुनुपर्छ। भारतमा मुगलकालदेखि गोरखनाथ मठ बुद्ध परम्परा छोडेर "हिन्दु" धर्मतिर ढल्किँदै गएको पाईन्छ।

## नाथ परम्परा

नाथ शब्दले दिने अर्थ अनेक छन् । नाथ शब्दको व्युत्पत्तिमूलक अर्थलाई हेर्दा यो शब्दले पुलिंग नामलाई संकेत गरेको पाइन्छ । यसलाई "नाथति ईश्वरः भक्तिति" भनिएको छ। जसमा नाथ + अच् भएर नाथ शब्द व्युतपत्ति भएको हुन्छ। यसले स्वामी, मालिक, पति, खसम, संरक्षक, प्रभु, प्रमुख, ईश्वर, भगवान्, खानदानदेखि मान्दै आएका गुरु र गुरुजन, ऐश्वर्यशाली पुरुष, मायाजेता, कामजेता, सिद्ध, रक्षक, अधिपति हुँदै शिव तत्त्वलाई बोध गराउँदछ । नाथ शब्दले सम्माननीय व्यक्तिको परिचय एवं क्षमतावान् व्यक्तिको उच्चताको झलकलाई पनि बुझाउँदछ । नाथमा आएको (ना) ले आदि रुप र (थ) ले भुवनत्रयमा स्थापित हुनुलाई संयोग गरेर नाथ शब्द प्रयोग हुँदै आएको छ । शक्तिसंग्राम यन्त्रमा नाथमा आएको (ना) ले नाद ब्रह्म र (थ) ले अज्ञानतालाई विनष्ट गर्नेले ब्रह्ममा साक्षात्कारको माध्यमबाट अज्ञानतालाई हटाई ज्ञान प्राप्त गर्दछ भन्ने अर्थ बोध गराउँदछ। नाथ परम्परामा एउटा मात्र शक्तिलाई केन्द्रविन्दु बनाएको पाइँदैन । सर्वप्रथम नाथमा आदि नाथका रुपमा भगवान् शिवलाई मानिन्छ किनकि भगवान् शिव नै परमतत्त्व, शक्ति एवं योगका आदि स्रष्टा र प्रणेताका रुपमा मानिन्छन् । उनै आदिशक्ति शिवबाट योगको तत्त्व एवं गुह्य रहस्यलाई विस्तार गर्ने क्रममा गुरु-शिष्य परम्पराको थालनी भएको ठानिन्छ । यसै सन्दर्भमा नाथ परम्पराको विकास भएको मानिन्छ। **(बासुदेव २०८०)**

बज्रयानीहरू मध्यकालसम्ममा ८४ महासिद्ध भए । मछेन्द्रनाथ वा मत्सेन्द्रनाथ वा मिनापा वा मचामुनि यस परम्पराका संस्थापक मानिन्छ। उनलाई वोधिसत्व अवलोकेतेश्वर वा "शिव"को अवतार पनि मानिन्छ । उनलाई हठयोग र तन्त्रयानको प्रवर्धक पनि मानिन्छ। त्यसैले पनि अहिले पशुपतिनाथ, मुक्तिनाथ, त्रैलोकनाथ, केदारनाथ आदि आर्यअवलोकेतेश्वरको मन्दिर शिव मन्दिरको रूपमा पुजिन्छ । यिनै मछेन्द्रनाथका शिष्य गोरखनाथ थिए । नवनाथमा मछेन्द्रनाथ, गोरखनाथ, जालन्दरनाथ, कान्हापाद, गोहिनीनाथ, भरथरी (भर्तृहरि), रेवननाथ, चरपटीनाथ र नागनाथलाई लिइन्छ । **(काशीनाथ २०६७, विनयकुमार र वसन्तकुमार २०६४)**

तिब्बती भाषामा ई. ११६० मा लेखिएको बज्रयानको ग्रन्थ अमृतसिद्धिमा हठयोगको उल्लेख गरको पाइन्छ भने बाह्रौं शताब्दीपछि मात्र "हिन्दु" धर्महरूमा पनि उल्लेख भएको देखिन्छ। नेपालको गोरखामा रहेको गोरखनाथको खुट्टाको छाप रहेको गुफामा "रोट महोत्सव" विगत ७०० वर्ष देखि बुद्ध पूर्णिमाको दिनमा निरन्तर मनाइँदै आएको छ। **(काशीनाथ २०६७, विनयकुमार र वसन्तकुमार २०६४)**

चौरासी सिद्ध नाथहरूमध्ये मीननाथ, गोरक्षनाथ, चौरंगीनाथ, चामरीनाथ, तान्तिपा, हलिपा, केदारीपा, धोंगपा, दारिपा, विरूपा, कपाली, कमारी, कान्हा, कानखल, मेखल, उन्मन, काण्डली, धोवी, जालन्धर, टोंगो, मवह, नागर्जुन, दौली, भिषाल, अचिती, चम्पक, ढेण्टस, भुम्वरी, बाकली, तुजी, चर्पटि, भादे, चाँदन, कामरी, करवत, धर्मपापतंग, भद्र, पातलीभद्र, भानु, मीन, निर्दय, सवर, सान्ति, भतृहरि, भीषण, भटी, गगनपा, गमार, मेनुरी, कुमारी, जीवन, अधोसाधक, गिरिवर, सियारी, नागवली, विभवत्, सारंग, विविकिधज, मकरधज, अचित, विचित, नेचक, चाटल, नाचन, भीलो, पाहिल, पासल, कमल-कंगारी, चिपील, गोविन्द, भीम, भैरव, भद्र, भमरी र मरूकुटी गरी जम्मा ७६ जनाको मात्र नाम उल्लेख छ। **(काशीनाथ २०६७, विनयकुमार र वसन्तकुमार २०६४)**

राहुल सांस्कृत्यायनद्वारा संकलित तिब्बती बज्रयानी ग्रन्थमा उल्लेख गरिएको ८४ सिद्धिहरू यी हुन् : लूहिपा, लीलापा, विरूपा, डोम्भीपा, शवरीपा, सरहपा, कंकालीपा, मीनपा, गोरक्षपा, चोरंगीपा, वीणापा, शान्तिपा, तन्तिपा, चमरिपा, खड्‌कपा, नागर्जुन, कण्हपा, कर्णरिपा, थगनपा, नारीपा, शलिपा, कुचिपा, धर्मपा, महिपा, अचिन्तिपा, भलहपा, नलिनपा, भूसुकपा, ईन्द्रभूति, मेकोपा, कुडालिपा, कमरिपा, जालन्धरपा, राहुलपा, धर्मरिपा, धोकरिपा, मेदनीपा, पंकजपा, धण्टापा, जोगीपा, चेलुकपा, गुण्डरिपा, लुचिकपा, निर्गुणपा, जयानन्त, चार्पटिपा, चम्पकपा, भिखनपा, भलिपा, कुमारीपा, चवरि, मणिभद्रा (योगिनी), मेखलापा ( योगिनी), कनखलापा (योगिनी), कलकलपा, कन्तालीपा, धहुलिपा, उधनिपा, कपालपा, किलपा, सागरपा, सर्वभक्षपा, ननगवोधीपा, दारिकपा, पुतुलिपा, पनहपा, कोकालिपा, अनंगपा, लक्ष्मीकरा, समुदपा र भलिपा। नवनाथ परम्परामा योगीलाई नाथका रुपमा लिईन्छ । यिनीहरुको सास्कृतिक पक्षमा शरिरमा भष्मलेप गर्ने, खराउ लगाउने, कानलाई चिर्ने (कन्फटा) विभिन्न शक्ति स्वरुपका कुण्डल धारण गर्ने, त्रिशुल, डमरु आदि लिने सर्पको माला र रुद्राक्षको माला धारण गर्ने, जटाधारी हुने आदि रुपमा नाथ परम्परा रहदै आएको पाईन्छ। नाथ परम्परामा गुरुबाट विशेष पूजाका साथमा सावर मन्त्र धारण गरेपछि मात्र शिष्य बनाइन्छ । **(काशीनाथ २०६७, विनयकुमार र वसन्तकुमार २०६४, बासुदेव २०८०)**

भगवान् शिवले योग बलका माध्यमबाट विभिन्न ज्ञान र विज्ञानको रहस्यात्मक तत्वलाई लोककल्याणका निम्ति सिंचित गराएर उपकारी, परोपकारी, शक्तिवान्, क्षमतावान्, बलवान् हुँदै शक्तिपुञ्जमा परिणत हुन सक्ने दिव्य स्वरुपका लागि नाथ परम्पराको सुरुआत भएको पाइन्छ। तत्कालीन राजाहरुले नाथ योगीहरुलाई आफ्नो गुरु भएकाले आफ्नो सम्माननीय व्यक्तित्व ठानेर चार जात भित्र राखेनन् । हाल आएर आफ्नो वास्तविक पहिचानले अपहेलना भोग्नु परेकोले नाथ तथा योगिहरु गिरी लेख्न थालेका छन्। **(बासुदेव २०८०)**

नेपालमा नवनाथलाई विशेष महत्व दिइएको पाइन्छ, ती नवनाथहरु निम्नानुसार छन्: (१) आदिनाथ (मूलनाथ): भगवान शिव (२) उदयनाथः माता पार्वती (३) सत्यनाथः श्री ब्रह्मा (४) सन्तोषनाथः श्री विष्णु (५) अचल अचम्मनाथः वायु ( ६) गजवेली गजकन्थनाथः श्री गणेश (७) चौरागीनाथः चन्द्रमा (८) मत्स्येन्द्रनाथ (९) गोरखनाथ (मत्स्येन्द्रनाथ र गोरखनाथलाई नाथ परम्परामा शक्ति र सिद्धि दुवै रुपमा लिइएको पाइन्छ ।) नवनाथ परम्परामा योगीलाई नाथका रुपमा लिईन्छ। यिनीहरुको सास्कृतिक पक्षमा शरिरमा भष्मलेप गर्ने, खराउ लगाउने, कानलाई चिर्ने (कन्फटा ) विभिन्न शक्ति स्वरुपका कुण्डल धारण गर्ने, त्रिशुल, डमरु आदि लिने सर्पको माला र रुद्राक्षको माला धारण गर्ने, जटाधारी हुने आदि रुपमा नाथ परम्परा रहदै आएको पाईन्छ । नाथ परम्परामा गुरुबाट विशेष पूजाका साथमा सावर मन्त्र धारण गरेपछि मात्र शिष्य बनाइन्छ । **(बासुदेव २०८०)**

### महायानका उपशाखाहरु

महायान सम्प्रदायमा सूत्र र तन्त्रको आधारमा चित्तलाई बोधिसत्व सुत्रयान एवं बोधिसत्व तन्त्रयान गरी दुई भागमा विभाजन गरिएको तिब्बती भाषामा लिखित महायान बौद्ध ग्रन्थ **गुणकोष (योन्तोन्जोद २०२२)**मा विस्तृतरूपले व्याख्यान

गरिएको छन् । त्यसैगरि तीन बाह्यतन्त्रलाई क्रिया, उभय, योग गरि विभाजन गरिएको छ। भने गुह्ययानलाई महायोग अनुयोग र अतियोग गरि तीन प्रकारमा विभाजन गरिएको छ । यीनीहरु वज्रयान अन्तर्गतको तान्त्रिक सम्प्रदायमा गनिन्छन् जो ञिङमा वा प्राचीन सम्प्रदायको नौ यान मध्ये सातौं यान हुन् । अतियोग वज्रयान अन्तर्गतको सबै भन्दा सर्वोच्च तान्त्रिक सम्प्रदायमा मानिन्छ । यो सम्प्रदाय ञिङमा सम्प्रदायको नौ यान मध्ये नवौं यान हो । ञिङमा परम्परा अनुसार, बुद्ध समन्तभद्रद्वारा वज्रसत्वलाई महासन्तिको शिक्षा दिनुभएको र वज्रसत्वबाट आचार्य सुरतिवज्र वा प्रहेवज्रलाई प्रदान गर्नुभएको थियो । आठौं शताब्दीको अन्तिमदेखि नवौं शताब्दीको आरम्भकाल सम्ममा भारतीय बौद्ध विद्वान आचार्य पद्मसम्भव, पण्डित विमलमित्र र तिब्बती महान् अनुवादक पगोर वैरोचनले महासन्ति शिक्षालाई तिब्बतमा ल्याई तिब्बती भाषामा लोचावाहरूले अनुवाद गर्नु भएको थियो ।



**चित्र नं. ४:** बज्रयानका महासिद्ध तथा तान्त्रिक गतिविधिरु **(David 2007, Lu 2017, Ray 2000, Reynolds 2015, Snellgrove 1987)**

## ३. वज्रयान

वज्रयान, महायान वा बोधिसत्वयानको दुई उपशाखा (बोधिसत्वसुत्रयान र बोधिसत्वतन्त्रयान) मध्ये एक बौद्धतान्त्रिक सम्प्रदाय हो जसलाई बोधिसत्वतन्त्रयान पनि भनिन्छ। पाचौं/छैठौं शताब्दीतिर महायान बुद्ध धर्मबाट बज्रयान वा तन्त्रयान वा मन्त्रयान विकास भएको मानिन्छ । यसका प्रवर्तक बज्रपाणीलाई मानिन्छ । बज्रयानमा मूख्य मन्त्र साधना गर्ने वस्तु बज्र नै हो । यसमा बुद्ध, बोधिसत्व, देवीदेवता (अरहत प्राप्त श्रमण) का लागि मन्त्र, धारणी र मण्डलाहरूको प्रयोग गरिन्छ। बज्रयान भारतको पूर्वोत्तर भागमा विकास भएर नेपाल, तिब्बत, भूटान, पूर्वी एसिया हुँदै मंगोलियासम्म फैलिएको मानिन्छ । नालन्दा (भारतको विहार), विक्रमशीला (भारतको विहार), सोमपूरी (हाल वङ्गलादेश) आदि विश्वविद्यालयहरूमा बज्रयानको पढाइ हुन्थ्यो । यिनीहरूमा विदेशबाट शिक्षादिक्षा लिन आउने थुप्रै विद्यार्थी भएकोले बज्रयानको विस्तार चाँडै भएको मानिन्छ । मंगोलियाका चंगेज खानले अपनाएको तेंगी वा तेग्री धर्मसमेत यही तन्त्रयान हो भनिन्छ । बज्रयानको सिद्धान्तहरू मञ्जुश्रीकल्प नामक ग्रन्थमा पाइन्छ। यसमा धेरै देवीदेवताको वर्णन छ । शाक्यमुनि बुद्ध र तारादेवी अनि वोधिसत्व अवलोकितेश्वर र देवी प्रज्ञापारमितालाई महत्व दिईएको छ । बज्रयानबाटै दशौं शताब्दीतिर कालचक्रयानको उत्पत्ति भएको थियो । यसमा "कालचक्र"लाई सर्वोच्च देव मानिन्छ । बज्रयानमा प्रमुख देवताहरूमा यमारी (यमराज), धनका देवता जम्भाला (स्वास्नी वसुंधारा देवी), हेरूका (रूद्रदेव) पर्छन् । त्यसैगरी देवीहरूमा तारा, प्रज्ञापारमिता, अपराजिता, सरश्वती, डाकिनी, बज्रयोगिनी प्रमुख छन् । बज्रयानको धेरै कुरा शाक्त सम्प्रदायसँग मिल्दोजुल्दो छ । पछि बज्रयानका मासु, रक्सी र सहवासलाई समेत समेटने कतिपय शाखाहरू बने । यिनीहरूको मुख्य ध्येय नै "विष" लाई ज्ञानमा परिवर्तन गर्ने भन्ने रह्यो ।

बज्रायान महायान कै एक शाखा भएपनी निकै प्रभावकारी रहेछ । यसलाई सझिलै बुझाउनका लागि एउटा कथा पाईने रहेछ : *एउटा गाउँमा बिषवृक्ष भएको ठाउँमा गई तीन बौद्ध मार्गी पुगेछन्। पहिलाले भनेछन्, यो बिषवृक्षलाई अलिटाढा लगेर फाल्नु पऱ्यो, गाउँलाई असर पार्ने भो। दोश्राले तर्क गरे, हैन उता फाल्दा अरुलाई पनि असर गर्छ, यहिँ तातो पानी हालेर मार्नु पर्छ। तेश्राले भने, बिषलाई औषधि बनाउन सकिन्छ त्यसैले तेता पट्टि सोच्न जरुरी छ ।* म तेश्राबाट प्रभावित भएँ । तेश्रा ब्यक्तिको बिचारलाई महायान अन्तर्गतको बज्रयानी भन्दा रहेछन् ।

महायान बुद्ध धर्म भित्र, हिनयान शब्दले कसलाई वा केलाई बुझाउँछ भनेर विभिन्न व्याख्याहरू थिए । कतिपयले यस भित्र जातपात छ पनि भन्ने गर्थे । कालु रिन्पोछेले "कम" वा "ठूलो" पदनाम "आर्थिक या सामाजिक स्थितिलाई जनाउँदैन, बरु व्यवसायीको आध्यात्मिक क्षमताको चिन्ता हो " भने । **(Rinpoche 1995)** रिन्पोछे भन्छन्:


"साना सवारी साधन" भनेको संसारमा हामीले भोग्ने सबै पीडाले चिन्ह लगाइन्छ भन्ने कुरामा सचेत हुनुमा आधारित छ । यसबारे सचेत हुनाले यस दुःखबाट मुक्त हुने, व्यक्तिगत स्तरमा आफूलाई मुक्त गर्ने र सुख प्राप्त गर्ने इच्छा जागृत हुन्छ । हामी आफ्नै स्वार्थले उत्प्रेरित छौं । त्याग र दृढताले हामीलाई हाम्रो लक्ष्य प्राप्त गर्न अनुमति दिन्छ । **(Rinpoche 1995)**

### सामाजिक रूपान्तरणमा बौद्ध धर्म र डा. अम्बेडकर

डा. भीमराव रामजी अम्बेडकर, भारतको संवैधानिक मस्यौदा समितिका अध्यक्ष थिए । भारतको संविधानलाई विश्वको सबैभन्दा लोकतान्त्रिक मानिन्छ, र सामाजिक रूपान्तरण र बौद्ध धर्मको विकासमा उनको उल्लेखनीय योगदान छ । उनलाई बाबा साहब पनि भनिन्थ्यो । उनी नेपाल लगायत भारत र दक्षिण एसियामा दलित आन्दोलनका सम्मानित नेता थिए । बाबा साहेब डा. बीआर अम्बेडकरको सिद्धान्तबाट प्रेरित भएर नेपालका समाजसेवी र दलित नेताहरूले उहाँको सन्देशलाई नेपालभर फैलाउन आन्दोलनहरू सृजना गरेका थिए । डा. अम्बेडकरले नेपाल र भारतका दलित नेताहरूबीचको सम्बन्धलाई कायम राख्न उल्लेखनीय योगदान दिएका थिए । **(बज्राचार्य २०६७)**

चौथो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन (१५-२१ नोभेम्बर १९५६) काठमाडौं आयोजना गर्ने क्रममा भारतका तत्कालीन कानूनमन्त्री तथा दलित नेता डा. भीमराव अम्बेडकरले नोभेम्बरको दोस्रो साता नेपालको औपचारिक भ्रमण गरेका थिए । त्यसअघि अन्य विश्व सम्मेलनहरू क्रमशः श्रीलंका, जापान र बर्मामा भएका थिए । उनी नेपालमा विश्व बौद्ध सम्मेलन आयोजना गर्ने मुख्य पात्र थिए । डा. अम्बेडकरले २० नोभेम्बर १९५६ (५ मंसिर २०१३)मा राजा महेन्द्रले डाकेको

सिंहदरबारस्थित स्टेट ग्यालेरी हलमा बौद्धहरूको विश्व फेलोशिपको चौथो सम्मेलनको समापन सत्रमा उल्लेखनीय भाषण दिएका थिए । उक्त कार्यक्रममा राजा महेन्द्र प्रमुख अथिति थिए । उनलाई अहिले राष्ट्रपति निवासमा परिणत भएको काठमाडौंको महाराजगञ्जस्थित सरकारी अतिथि गृह शितल निवासमा बसेका थिए । बौद्ध सम्मेलनको सफलतामा भिक्कु अमृतानन्द महास्थबिरलगायत नेपालका बौद्ध भिक्षुहरूसँगको ठूलो भुमिका थियो । उक्त अन्तर्राष्ट्रिय सम्मेलनलाई सहज बनाउन राज्यले पनि महत्वपूर्ण भूमिका खेलेको थियो । नेपाल बौद्ध धर्मको माध्यमबाट शान्ति कायम गर्न प्रतिबद्ध रहेको विश्वलाई सकारात्मक सन्देश दिँदै सम्मेलन सफलतापूर्वक सम्पन्न भएको थियो । **(बज्राचार्य २०६७) (Gahatraj 2023)**



**चित्र नं. ३:** २० नोभेम्बर १९५६मा काठमाडौंमा तत्कालीन राजा महेन्द्र ( सबैभन्दा देब्रेपट्टि)को उपस्थितिमा भाषण दिँदै डा.अम्बेडकर (सबैभन्दा दाहिनेपट्टि) । **(Gahatraj 2023)**

सम्मेलन सकिएपछि डा. बी. आर. अम्बेडकरले काठमाडौंको शीतल निवासमा नेपाल परिगणित जन विकास संघका तत्कालीन अध्यक्ष सहश्रनाथ कपाली (श्री मोहनलाल कपालीका जेठा भाइ) नेतृत्वको समूहसँग भेट गरे । बैठकपछि डा. अम्बेडकरलाई अध्यक्ष कपालीले काठमाडौंका दलित बस्तिहरू देवपाटन ( पशुपतिनाथ मन्दिर वरपर), सहगल (ललितपुर), ढल्कु-क्षेत्रपति (काठमाडौं), र भक्तपुरको पोडेटोल, छेत्रपति-ढल्कु, जैसीदेवल, सहगल आदिमा भ्रमण गराएका थिए । डा. अम्बेडकर अग्लो र भारी व्यक्ति भएकाले सेडान कुर्सीमा लगिएको थियो । डा. अम्बेडकरले घटनास्थलमा दलितहरूलाई मानवअधिकार र सम्मान प्राप्तिका लागि ठूलो सङ्घर्षमा लाग्न सल्लाह दिए । दलित बस्तीको भ्रमण गरेपछि उनीहरु शितल निवास फर्किए र अवस्थाको मूल्यांकन गरे । लगत्तै नेता कपालीले शितलमा अम्बेडकरको सम्मानमा चियापान कार्यक्रम आयोजना गरेका थिए । अम्बेडकरले नेपाली नेताहरूलाई छुवाछुत र जातीय भेदभाव उन्मूलनमा पूर्ण सहयोग गर्ने आश्वासन दिएका थिए र उक्त विभेद अन्त्यका लागि प्रभावकारी कदम चाल्न राजा महेन्द्र र तत्कालीन नेपालका प्रधानमन्त्री टंकप्रसाद आचार्यसँग कुराकानी गरेका थिए । अम्बेडकरका नाति, श्री प्रकाश यशवंत अम्बेडकर, अहिले पनि महाराष्ट्र, भारतको राजनीतिमा सक्रिय छन् । विश्व बौद्ध सम्मेलन सकिएपछि अम्बेडकर दिल्ली फर्के । नेपालबाट फर्केको केही दिनपछि उनको ६ डिसेम्बर १९५६ मा दिल्लीमा निधन भयो । **(बज्राचार्य २०६७) (Gahatraj 2023)** यदि उनीँ केही वर्ष बाँचेको भए, १९५९मा दिल्ली भ्रमणमा आएका डा. मार्टिन लुथर किंग जूनियरलाई भेट्ने थिए । मार्टिन लुथर किंग जुनियर र अम्बेडकर क्रमशः अमेरिका र भारतका समकालीन नेता थिए, जसले जातीय भेदभाव विरुद्ध लडे । डा. मार्टिन लुथर किंग काला गोराको आन्दोलनको नेतृत्व गरेका थिए । **(बज्राचार्य २०६७) (Gahatraj 2023)**

## नेपालमा थेरवाद

नेपालमा बुद्धले बुद्धत्व प्राप्त गरेको समय देखि नै थेरवाद वा हीनयान र महायान दुवै सम्प्रदायहरूले ठाउँ ओगटेको इतिहासमा उल्लेख छ । यद्यपि राणाकालसम्म आईपुग्दा थेरवादलाई बुद्धको आदर्श विपरित सनातनी समाज भन्दा भन्दा निकै भिन्न हो भनेर पश्चिमि प्रभावमा अलि बढि परि मिलेको समाजमा दरार पैदा गर्ने दिशामा गएको भन्ने सुनिन्छ । चिनियाँ यात्री व्हेन स्याङ्गले सातौं शताब्दीमा आफ्नो यात्रावर्णनमा उल्लेख गरेअनुसार कपिलवस्तुका भिक्षुहरूका साथ विभिन्न कोलीय, शाक्य र वज्जित जाति काठमाडौं उपत्यकामा प्रवेश गरेपछि नेपालमा थेरवादको विकास भएको हो । उनको यात्रा वर्णनअनुसार नेपाल उपत्यकाभित्र थेरवाद-हीनयान र महायान धर्मावलम्बीहरू तीन हजारभन्दा बढी भएको अनुमान गरिएको छ । प्राचीन कालदेखि नै प्रशस्त बौद्ध विहारहरू निर्माण गरिएको ऐतिहासिक अभिलेखहरू यहाँ पाइन्छन् । बौद्ध धर्मअनुसार तीनवटा रत्नमा बुद्ध, धर्म र संघमध्ये तेस्रो अङ्ग संघ अन्तर्गत विहारहरू पर्दछन् । बुद्ध धर्मको मूल विशेषता भन्नाले यसको सङ्गठन, संघ र आश्रमिक स्वरूप हो । यसैले बौद्ध भिक्षु भिक्षुणीहरूको बसोबासका लागि विहारहरू निर्माण गरिएको हुन्छ । लिच्छविकालको शिलालेखअनुसार त्यसबेला आर्य भिक्षु संघ रहेको बुझ्न सकिन्छ । स्वयम्भू ज्योतिरूप चैत्यको स्थापना भएदेखि नेपालमा बुद्ध धर्मको महव बढ्दै गएको थियो । लिच्छविकालका राजा वृषदेवलाई 'सुगतपक्षपाती' भनी बुद्ध धर्मको अनुयायीको रूपमा मानिन्छ । साङ्घिक भनी भिक्षु सङ्घको सम्बन्धमा साँखुमा वि.सं. ७५० सालतिरको एउटा अभिलेख फेला परेको छ । यहाँको सङ्घले भिक्षुगणलाई विभिन्न सुविधाहरू दिने गर्छ । नेपालको इतिहासमा के कारण हो केही शताब्दीका लागि थेरवाद परम्परा लोप हुन गयो । थेरवादको मूल्य र मान्यता अनभिज्ञ हुन पुग्यो । कर्मकाण्ड र मूर्तिपूजाको विशेषताको रूपमा महायानी सम्प्रदायको प्रभाव हुन पुग्यो । **(बज्राचार्य २०६७)** बीसौं शताब्दीतिर भारतमा बुद्धधर्म पुनर्उत्थानकर्ताको रूपमा मानिने पहिलो भिक्षु धर्मपालको निकटतम सहयोगीमा कलकत्तामा रहेका शाक्य भिक्षु जगतमान बैद्यलाई बुद्धधर्मको विषयमा प्रभावित गरि नेपालमा थेरवादको उत्थानका लागि बुद्धोपासक संघ, बुद्धधर्म उद्धार संघ, बुद्ध उपासक उपासिका संघको स्थापना गर्न लगाइयो । उनले कलकत्तामा बसी थेरवाद बुद्धधर्म सम्बन्धि विभिन्न भाषामा पत्रपत्रिका प्रकाशित गर्न लागे । पछि धर्मादित्य धर्माचार्य भारतबाट नेपालमा फर्किए । राणा प्रधानमन्त्री चन्द्रशमशेरको समयमा धमांसाहूको सहयोगमा थेरवादअन्तर्गत किंडोलमा **पहिलो विहार** स्थापना हुन पुग्यो । यहाँ **ने.सं. १०४८ (वि सं १९८१)** सालदेखि बुद्धको जन्म, बोधिज्ञान र परिनिर्वाण भएका दिनलाई सम्झना गरी बुद्धजयन्ती मनाउने सुरुआत भयो । **(बज्राचार्य २०६७)**

बौद्ध जागरणको प्रयासमा वि.सं. १९८१ सालमा नानीकाजी श्रेष्ठ नाम गरेका एक युवा कुशिनगर गई महाप्रज्ञाको नामले थेरवादी भिक्षुको रूपमा प्रवजित भए । यस्तै, वि.सं. १९८४ सालमा कुलमानसिंह नाम गरेको एक धर्मभीरु पनि कर्मशीलको नामले प्रवजित भए । यस्तै, साहू दशरथ पनि महाप्रज्ञाको सहयोगमा भिक्षु धर्मालोकको नामले प्रवजित हुन पुग्यो । राणा शासन थेरवादप्रति त्यति सकारात्मक थिएन। । वि.सं. १९९४ सालमा **ज्ञानमाला भजन खलः** स्वयम्भूको स्थापना भएपछि समाजका विसङ्गतिप्रति सचेत हुन अभिप्रेरित गर्दा केही भिक्षुहरू देश निकाला भए । त्यसबेला प्रवजित हुने महिलाहरू अनागारिक धर्मपाली, संघपाली र रत्नपाली आदि थिए । वि.सं. २००१ सालमा मङ्सिर महिनामा भारतको सारसनाथमा महास्थवीर चन्द्रमणिको अध्यक्षतामा धर्मोदय सभाको स्थापना गरियो । भारत र श्रीलङ्काका बुद्धिष्ट गुडविल काउन्सिल (बौद्ध शुभेक्षुक धर्मदूत मण्डल) मिसनका प्रमुख भिक्षु नारद महास्थवीर वि.सं. २००३ सालमा नेपाल आई तत्कालीन राणा प्रधानमन्त्री पद्मशमेशेरसँग भेटी महास्थवीर चन्द्रमणिको सहयोगमा नेपाली भिक्षुहरू नेपाल फर्केर थेरवाद बौद्ध धर्मलाई उकास्न थाले । वि.सं. २००३ सालमा भिक्षु धर्मालोकको प्रयासमा सर्वप्रथम नेपालको थेरवादी विहार "आनन्दकुटी विहार" निर्माण गरी श्रीलङ्काका भिक्षु नारद महास्थवीरबाट उद्घाटन गरियो । बौद्ध धर्मप्रति महत्व दिन नेपालमा सर्वसाधारणले **वैशाख पूर्णिमा** मनाउने भए । श्रीलङ्काबाट नारद महास्थवीरले ल्याएका बुद्धका पवित्र अस्तिधातु आनन्दकुटी विहारमा रहेको चैत्यको गर्भमा राखेपनि वि.सं. २०५० साल असार २३ गते मध्यरातमा चोरी भयो । वि.सं. २००५ सालमा राणा प्रधानमन्त्री मोहनशमशेरले वैशाख पूर्णिमाका दिन केबल बौद्ध कर्मचारीहरूलाई मात्र बिदा दिन व्यवस्था गरेको थिए ।

वि.सं. २००७ सालमा जब नेपालमा राणा शासनबाट मुक्त भई प्रजातन्त्रको थालनी भएपछि, यहाँका नेवारहरू स्वतन्त्ररूपमा थेरवाद बुद्ध धर्ममा ढल्किए । राजा त्रिभुवनले नारायणहिटीमा सर्वप्रथम राजकीय सम्मानका साथ महापरित्राण गरियो । नेपालमा लोप हुन लागिरहेको थेरवाद बुद्धधर्मले फेरि उत्थान हुने सुअवसर पायो । वि.सं. २००८ साल जेठ ७ गते राजा त्रिभुवनबाट वैशाख पूणिमाका दिन सार्वजनिक बिदाको घोषणा गरियो । यस्तै, राजा महेन्द्रबाट वि.सं. २०१२ सालमा लुम्बिनी सवारी भई लुम्बिनीमा रहेको मायादेवीको मूर्तिमा दिइरहने बलि प्रथालाई निषेधित गराए । यस्तै, २०१४ सालमा उनकै शासनकालमा चतुर्थ अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन गरी विश्वमा नेपालको बुद्धधर्मको महत्व र विकासबारे प्रचारप्रसार गर्न मद्दत पुग्यो । (बज्राचार्य २०६७)

वि.सं. २०२३ सालमा संयुक्त राष्ट्र सङ्घका महासचिव महामहिम उथान्तबाट लुम्बिनी भ्रमण लगत्तै थेरवादी बुद्धधर्मको विकासका लागि विभिन्न प्रयासहरू हुन थाले । भिक्षु अमृतानन्द महास्थवीरबाट 'धम्मपद' लाई नेवारी, नेपालीमा प्रकाशित गरियो । त्यस्तै पालीभाषामा लेखिएका अनेक थेरवादी बौद्ध ग्रन्थहरू नेवारी र नेपालीमा अनुवाद गरिए । नेपालमा किण्डोल विहार, आनन्दकुटी विहार, श्रीघः विहार, गणमहाविहार जस्ता थेरवाद विहारहरू स्थापना भए । वि.सं. २०३८ मङ्सिरमा अश्वघोष महास्थवीरबाट **संघाराम विहार** स्थापना गरी नयाँ नयाँ युवाहरूलाई प्रवजित गराए । यस्तै, कीर्तिपुरमा रहेको श्री कीर्तिपुण्य महाविहारको स्थापना भिक्षु प्रज्ञानन्द महास्थवीर र सुदर्शन महास्थवीरको प्रयासबाट हुन पुग्यो । अनागारिका धम्मावतीको अथक प्रयासबाट महिला भिक्षुणीहरू अर्थात् अनागारिकाहरूको निवासका लागि **धर्मकीर्ति विहार**को स्थापना गरियो । ज्ञानपूणिर्क महास्थवीरको प्रयासमा बानेश्वरस्थित विश्व शान्ति विहारको स्थापना भएको थियो केटाहरूलाई प्रवजित गराइन्छ भने केटीहरूलाई ऋषिणी प्रवज्या दिने व्यवस्था मिलाइएको छ । यस्तै, यहाँस्थित सबै बालबालिकालाई १० कक्षासम्म सरकारीस्तरका र बुद्ध धर्मसम्बन्धी पढाइ गर्ने व्यवस्था छ । (बज्राचार्य २०६७)

यसरी नेपालमा ठूला तथा साना गरी ९६ वटा थेरवाद अन्तर्गतका विहारहरूको स्थापना भइसकेको छ । यस्तै वि.सं. २०६३ सालसम्ममा नेपालभर थेरवाद बौद्ध भिक्षु, श्रामणेर र अनागारिकहरू जम्मा ४५१ जना छन् । तीमध्ये कतिपय भिक्षु, श्रामणेर र अनागारिकहरू विदेशका विहारमा अध्ययन गर्ने र त्यहीँ सेवाका लागि बसेका छन् । हाल नेपालका बौद्ध विहारहरूको सञ्चालन बौद्ध भिक्षु, उपासक र उपासिका साहू महाजनको सहयोगमा मात्र चलेको छ । नेपालको थेरवाद बुद्धधर्मलाई जीवन्त दिन थेरवाद बौद्ध समुदायका भिक्षु, अनागारिक, उपासक-उपासिकाहरू विहार निर्माण गर्ने, सङ्घसंस्था स्थापना गर्ने, अध्ययन अध्यापनका कार्यहरूमा लाग्नाले यसका लागि ठूलो सहयोग मिलेको छ । नेपाल विश्वका कतिपय अन्तर्राष्ट्रिय बौद्ध सङ्घको सदस्यअनुरूप विश्व बौद्ध भ्रातृत्व सङ्घको सदस्य रहेको छ । नेपालमा थेरवाद बुद्ध धर्मको उत्थानका लागि नेपाल भिक्षु महायान सङ्घको स्थापना गरिएको छ । नेपालले वि.सं. २०४६ सालमा दोस्रो पटकको पन्ध्रौं विश्व बौद्ध सम्मेलन गरी सकेको छ । थेरवाद बुद्ध धर्ममा नेवार जाति मात्र नभएर, अरू विभिन्न जाति ब्राह्मण, क्षेत्री, शेर्पा, तामाङ, मगर, गुरुङ, थकाली र थारूसमेत भिक्षु बनेका छन् । (बज्राचार्य २०६७)

## छलफल

नेपालमा धर्मोदय सभा नामको राष्ट्रिय बौद्ध संस्था छ । राणा कालमा थेरवादी बौद्ध भिक्षुहरुलाई देशनिकाला गरेपछि प्रतिक्रियास्वरूप भारतमा गठन गरिएको यो संस्था सुरुमा थेरवादसँग मात्रै सम्बन्धित थियो तर पछि सबै बौद्धको साझा बनाउने मनसायले संस्थागत स्वरुप परिवर्तन गरिएको छ । यसले बौद्ध सम्प्रदाय भनेर थेरवाद, महायान र बज्रयानलाई मात्र बुझेको छ र यी तीन सम्प्रदायबाट अध्यक्ष पदमा पालोपालो चयन गर्ने व्यवस्था छ । (महर्जन २०७६)

महायानी बौद्ध सम्प्रदायतर्फबाट अध्यक्ष राख्ने बेलामा तिब्बती बौद्ध धर्मसम्बद्ध कुनै लामालाई ल्याउने गरिन्छ अर्थात् धर्मोदय सभाको नजरमा महायान भनेको तिब्बती परम्पराको बौद्ध धर्म हो । वास्तवमा तिब्बती परम्परा आफैमा बज्रयानी बौद्ध धर्म हो । त्यसैले बज्रयान बेग्लै दार्शनिक सम्प्रदाय नभएर महायानभित्रकै एउटा शाखा वा विकसित रूप हो । त्यसैले थेरवाद मात्र बौद्ध धर्म होईन । अझ सद्धर्मपुण्डरिकसूत्रले त महायानलाई नै 'बुद्धयान' वा बौद्ध धर्म ठान्दछ । हिनयानमा अनकौं सम्प्रदायको विकास भए पनि श्रावकयान र प्रत्येकबुद्ध दुवैलाई हिनयान भनिन्छ र हाल थेरवाद एउटा मात्र बाँकी छ । यसबाट स्पष्ट हुन्छ, संसारमा बौद्ध धर्मको विकास र विस्तार जतिसुकै र जुन रूपमा भए पनि हिनयान र महायानभित्रै पर्दछन् र यी दुई यानको तात्विक भिन्नता मूल रूपमा बुद्धद्वारा देसित दर्शनअन्तर्गत रहे पनि साधकले अभ्यासका क्रममा अवलम्बन गरिने गन्तव्य वा इच्छित अपेक्षा मात्रै हो । (महर्जन २०७६)

नेपालको थेरवादी बौद्ध समाजमा अनागारिका धम्मावतीको विशिष्ट योगदान र पहिचान रहेको छ । (शाक्य २०४९) धम्मावतीको उनको विहारभित्र थेरवादबाहेक अरु पक्ष देख्न पाइँदैन । बौद्ध साहित्यको अनुशीलन गर्दा प्रारंभिक रूप पाली त्रिपिटकलाइ लिन सकिन्छ । यही त्रिपिटकमा निहित धर्मदर्शनलाई नै पृष्ठभूमि बनाएर प्रज्ञापारमिता लगायतका महायानी बौद्ध ग्रन्थहरूको रचना भएको हो । आचार्य नागार्जुनले शून्यवादको व्याख्या प्रज्ञापारमिता ग्रन्थकै आधारमा गरेका हुन् । पछि 'विज्ञानवाद' नामको अर्को दार्शनिक सम्प्रदाय देखा प-यो । यही महायान दर्शनमा तन्त्रनय र मन्त्रनयको विकास गरी साधना गर्ने र यसबाट छोटो समयमै सम्यक सम्बुद्धत्व लाभ हुन्छ भन्नेहरू महायानभित्रकै बज्रयानी हुन् । महायान कठिन र लामो समय लाग्ने हुँदा बुद्धले अर्हत्व प्राप्तिमा जोड दिएको भनाइ पाइन्छ । अर्हत्व प्राप्ति थेरवादी बौद्ध सम्प्रदाय (श्रावकयान अर्न्तगत) को आदर्श हो । (शाक्य २०४९) नेपालमा थेरवाद बौद्ध धर्मको प्रवेश केही दशकअघि राणा कालमा मात्र भएको हो । तत्कालीन समाजमा बौद्ध धर्म भन्नु बज्रयान मात्रै थियो र बज्रयानीहरूले यसलाई बाह्य तथा प्रतिस्पर्धा गर्न आएको धर्मका रूपमा लिएको पाइन्छ । भने थेरवादीहरूले पनि बज्रयानीलाई बौद्ध धर्मदर्शनमा आएको विकृति, रुढीवादी, कर्मकाण्डी र हिन्दूकरणको चपेटामा परेको भनी धारणा राख्छन् । तापनी थेरवादी बौद्ध धर्मको गतिविधिमा संलग्न शाक्य र बज्राचार्य थरका बौद्धहरू मूलतः बज्रयानी परम्पराबाट संस्कारित हुन् । थेरवादी बौद्ध अभियानका कतिपय हस्ती बज्रयानी बौद्ध भिक्षुसंघ नै आबद्ध भइरहेको पाइन्छ । विभिन्न सम्प्रदायबीचको एकताका बारे दुई हजार वर्षअघि रचित 'सद्धर्मपुण्डरिकसूत्र' नामक ग्रन्थमा पनि पाइन्छ । त्यस ग्रन्थमा जेजस्तो यान भए पनि अन्ततः सबैलाई **'बुद्धयान'** भन्नु पर्छ भनीएको छ । तर 'बुद्धयान' भने पनि त्यसले अन्ततः महायानकै महिमा गरिएको पाइन्छ । (महर्जन २०७६)

नियालेर हेर्दा थेरवादले सांसारिक जीवनलाई महत्व दिएको देखिन्न । बरु महायानले नै सांसारिक जीवन प्रयुक्त आदर्श बोकेको देखिन्छ । अर्कौ महायान सनातन सभ्यताको नजिक, समन्यात्मक सिद्धान्त बोकेको देखिन्छ । घरपरिवार सहित निष्ठापूर्वक संसार चल्ने चलाउने र आदर्श जीवनयापनका लागि एउटा जीवनपद्धतिका रुपमा महायानलाई लिन सकिने देखिन्छ । शिवतत्वसँग समिपमा रहि काम क्रोध लोभ मोह युक्त र मुक्त दुबै समाजलाई सँगै लैजान सक्ने देखिन्छ ।

## निष्कर्श

प्राप्त पाण्डुलिपिका आधारमा नेपालमा थेरवाद बौद्ध धर्मको प्रवेश केही दशकअघि राणा कालमा मात्र भएको हो । तत्कालीन समाजमा बौद्ध धर्म भन्नु बज्रयान मात्रै थियो र बज्रयानीहरूले यसलाई बाह्य तथा प्रतिस्पर्धा गर्न आएको धर्मका रूपमा लिएको पाइन्छ भने थेरवादीहरूले पनि बज्रयानीलाई बौद्ध धर्मदर्शनमा आएको विकृति, रुढीवादी, र कर्मकाण्डीको चपेटामा परेको भनी धारणा राख्छन् । तापनी थेरवादी बौद्ध धर्मको गतिविधिमा संलग्न शाक्य र बज्राचार्य थरका बौद्धहरू मूलतः बज्रयानी परम्पराबाट संस्कारित हुन् । नेपाल बुद्धको जन्मभूमि हो तर यहाँ भने बुद्धको जन्मभूमि सुहाउँदो बुद्ध धर्मको विकास हुन सकिरहेको छैन । यसको लागि सरकारका तर्फबाट पनि बुद्धधर्म, प्रकृति सुहाँउदो र अन्य ओमकार परिवारसँग समन्वय राख्न सक्ने धारको विकासका लागि महायान र हिनायानको संश्लेशित धारको प्रवद्धनमा जोड दिनु पर्दछ । हरेक सम्प्रदायहरुले जातपात र भेदभावको विरुद्धमा लाग्नु पर्दछ । हाल हिन्दूमा मष्ट भने जस्तै थेरवादलाई कता कता प्रगतिशिल कहलाउँदै पश्चिमको प्रभावमा विकास गर्न लागि परे जस्तो र महायानलाई परम्परागत भनि एउटा भाष्य

निमार्ण गर्न खोजे जस्तो देखिन्छ। अन्त्यमा, नेपालमा सनातनि पूर्विय सभ्यतामा दोश्रो शताब्दीतिरबाट थपिएको यो यानी सभ्यतालाइ जोगाई नेपाललाई सनातनी हिन्दू तथा बौद्ध सभ्यताको केन्द्र बनाउनु पर्ने देखिन्छ। बुद्धको ज्ञानलाई जिवनपद्धतिमा ढाल्न महायानी परम्परालाई अगाडि बढाउनु पर्ने देखिन्छ।

**सन्दर्भ सामाग्रीहरुः**


१. बसन्त महर्जन, थेरवाद, महायान र बज्रयान, नागरिक, २८ वैशाख २०७६https://nagariknews.nagariknetwork.com/others/178699-1557548460.html
२. Aladdin, M., (2022). "History, Beliefs and Sects of Buddhism". *Elm və Həyat journal* (in Azerbaijani). doi:10.13140/RG.2.2.12273.35689
३. Avison, Austin (2021)."Delusional Mitigation in Religious and Psychological Forms of Self-Cultivation: Buddhist and Clinical Insight on Delusional Symptomatology". *The Hilltop Review*. **12** (6): 1–29.
४. Baruah, Bibhuti. *Buddhist Sects and Sectarianism.* 2008. p. 53
५. Buddhists. *Global Religious Landscape*. Pew Research Center. 18 December 2012.
६. Chandler, S., Establishing a pure land on earth: the Foguang Buddhist perspective on modernization and globalization, University of Hawaii Press, 2004, ISBN 978-0-8248-2746-5
७. Collins, Steven (1990), Selfless Persons: Imagery and Thought in Theravāda Buddhism, Cambridge University Press, ISBN 978-0521701488
८. Cousins, L. S. (1996), "The dating of the historical Buddha: a review article", *Journal of the Royal Asiatic Society* **(3)6(1)**: 57–63
९. David B. Gray, ed. (2007). The Cakrasamvara Tantra: The Discourse of Śrī Heruka (Śrīherukābhidhāna). Thomas F. Yarnall. American Institute of Buddhist Studies at Columbia University. pp. ix–x. ISBN 978-0-9753734-6-0.
१०. मुनीन्द्ररत्न वज्राचार्य, नेपालमा थेरवादको स्थिति, मधुपर्क, चैत २०६७ http://www.gorkhapatra.org.np/mag/madhuparka.detail.php?article_id=1173&cat_id=38
११. नेपाल, विनयकुमार शर्मा, नेपाल, वसन्तकुमार शर्मा- संक्षिप्त नेपाली शब्दसागर, शब्दार्थ प्रकाशन चावहिल, काठमाडौं, २०६४ जेठ
१२. Gahatraj, O.V.K. Dr. (2023) B R Ambedkar's Visit to Nepal in 1956: Impact on the Dalit Movement, https://nepyork.com/dr-b-r-ambedkars-visit-to-nepal-in-1956-impact-on-the-dalit-movement/
१३. नाथ, बासुदेव, कार्त्तिक २०८०, के हो नाथ परम्परा ? नाथ परम्पराको परिचय' https://newskoseli.com/archives/42393
१४. Gombrich, Richard (2006), Theravāda Buddhism, Routledge, ISBN 978-0415-36508-6
१५. Hirakawa, Akira; Groner, Paul (2007), *History of Indian Buddhism: From Sakyamuni to Early Mahayana*, Motilal Banarsidass, hdl:10125/23030, ISBN 978-8120809550.
१६. https://en.wikipedia.org/wiki/Hinayana
१७. https://ne.wikipedia.org/wiki/ बुद्ध धर्म
१८. Kotatsu, Fujita; Hurvitz, Leon, trans. (1975). "One Vehicle or Three?" *Journal of Indian Philosophy*. **3** (1/2): 92–93. doi:10.1007/bf00157332. S2CID 170267103.
१९. LeVine, Sarah; Gellner, David N. (2007), Rebuilding Buddhism: The Theravada Movement in Twentieth-Century Nepal, Harvard University Press, ISBN 978-0674025547
२०. विप्लवमान सिंह, (२०८० भदौ) बुद्ध, बुद्ध धर्म र सम्प्रदायहरू, https://baahrakhari.com/detail/399688
२१. Lopez, Donald Jr. (2005), The Madman's Middle Way: Reflections on Reality of the Tibetan Monk Gendun Chopel, University of Chicago Press, ISBN 978-0226493169
२२. *Lü, J. (2017). Chinese and Tibetan Esoteric Buddhism. Studies on East Asian Religions. Vol. 1. Brill. pp. 72–82.*
२३. Monier-Williams, M. (1889). Buddhism in Its Connexion with Brāhmanism and Hindūism: And in Its Contrast with Christianity. John Murray
२४. Narain, A. K. (2003) *The Date of the Historical Śākyamuni Buddha*, B. R. Publishing Corporation, New Delhi. ISBN 81-7646-353-1.
२५. Nattier, Jan (2003), A Few Good Men: The Bodhisattva Path according to The Inquiry of Ugra (Ugraparipṛcchā), University of Hawaii Press, p. 174 (footnote 6), ISBN 978-0824830038
२६. योगी, दिलिपनाथ विभिन्न लेखरचनाहरु
२७. योगी, काशीनाथ- राष्ट्रिय जागरणका प्रतिक योगीनरहरि नाथ, शिव गोरक्षनाथ सेवा संघ समिति सुर्खेत, २०६७ माघ
२८. Parajuli, D., Paudel, B., (2022) Shree Swasthani Brata (Fasting) – An overview, Pragya Darshan (प्रज्ञा दर्शन) 4(1), Pp. 123.
२९. Ray, R. A.; Indestructible Truth: The Living Spirituality of Tibetan Buddhism, 2000
३०. *Reynolds, J. M.*, "The Mahasiddha Tradition in Tibet". *Vajranatha. Archived from* the original *on 13 March 2015*. Retrieved 18 June 2015.
३१. Rinpoche, Kalu (1995), Profound Buddhism From Hinayana To Vajrayana, Clearpoint Press, ISBN 978-0963037152
३२. Rinpoche, Khenchen Thrangu (2004), *Distinguishing Dharma and Dharmata, A Commentary on The Treatise of Maitreya*, ISBN 978-1877294334
३३. Snellgrove, D. (1987) Indo-Tibetan Buddhism: Indian Buddhists and their Tibetan successors. pp 168
३४. गुणकोष सर्वज्ञ जिग्मेद लिङ्पद्वारा रचित एक महायान बौद्ध ग्रन्थ (तिब्बती: "योन्तोन्जोद") २०२२
३५. Williams, Paul (2009), *Mahayana Buddhism: The Doctrinal Foundations*, Routledge, ISBN978-0-415-35653-4
३६. Zaun, K., Inside Buddhism (eBook), Lorenz Educational Press, 2002, ISBN 978-0-7877-8193-4, Pages 26-27
३७. शाक्य, रत्न सुन्दर, (२०४९) अनागारिका धम्मावती, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघः, पृष्ठः ७२